# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या १० मिति २०७९/१२/२१

## भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि,२०७९**

कार्यपालिका बाट स्वीकृत मितिः २०७९/१२/१९

प्रमाणीकरण मितिः २०७९/१२/२१

# श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्यविधि,२०७९

राप्ती सोनारी गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण र सोको सन्तुलित वितरणको खाका तथा बजेट सिमा निर्धारण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (५) र राप्ती सोनारी गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, ................ को दफा ...............ले दिएको अधिकार प्रयोग गरी राप्ती सोनारी गाउँपालिका गाउकार्यपालिकाबाट यो कार्यविधि निर्माण गरिएको छ।

**परिच्छेद १**
**प्रारम्भिक**

१. नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम “श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धी कार्यविधि २०७७” रहनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई प्रमाणीकरण भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “ गाउँपालिका ” भन्नाले राप्ती सोनारी गाउँपालिका सम्झनुपर्छ।

(ख) “कार्यविधि” भन्नाले श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धी कार्यविधि २०७७ सम्झनुपर्छ।

(ग) “अध्यक्ष ” भन्नाले राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष सम्झनुपर्छ।

(घ) “उपाध्यक्षय” भन्नाले राप्ती सोनारी गाउँपालिकाका उपाध्यक्ष सम्झनुपर्छ।

(ङ) “समिति” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६ (१) बमोजिम गठित समिति बुझाउनेछ।

(च) “सदस्य” भन्नाले समितिको सदस्य सम्झनुपर्छ।

(छ) “सदस्य सचिव” भन्नाले राप्ती सोनारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ

(ज) “आन्तरिक आय” भन्नाले राप्ती सोनारी गाउँपालिकाको चालु आर्थिक ऐन अनुसार संकलित हुने रकम सम्झनुपर्छ।

(झ) “राजश्व बाँडफाँडबाट प्राप्त आय” भन्नाले नेपाल सरकार र गणडकी प्रदेश सरकारबाट राजश्व वितरणबाट प्राप्त हुने आय सम्झनुपर्छ।

(ञ) “वित्तीय हस्तान्तरण” भन्नाले नेपाल सरकार र गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान सम्झनुपर्छ।

(ट) “आन्तरिक ऋण” भन्नाले गाउँपालिकाले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तीय आयोगको सिफारिसको सिमा भित्र रही गाउसभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यका लागि लिइने ऋण सम्झनुपर्छ

(ठ) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

**परिच्छेद २**

**समितिको काम, कर्तव्य र अधिकार**

३. समितिको गठनः

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) बमोजिम समितिमा तल लेखिए बमोजिमको पदाधिकारी सदस्य रहनेछन्।

(क) संयोजक –गाउँपालिका अध्यक्ष

(ख) सदस्य –उपाध्यक्ष

(ग) सदस्य –कार्यपालिका सदस्यहरु मध्ये महिला, दलित वा अल्पसंख्यक

समेतको प्रतिनिधित्व हुने गरी गाउप्रमुखले तोकेको चार जना

(घ) सदस्य सचिव –प्रमुख प्रशासकीय अधिकृत

(२) गाउँपालिका अध्यक्षले सदस्य तोक्दा आपूm सम्बद्ध राजनैतिक दल बाहेकको सदस्य समेत तोक्नुपर्नेछ। त्यस्तो सदस्य नभए यो प्रावधान लागु हुने छैन।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको तल लेखिए बमोजिम काम, कर्तव्य र अधिकार हुनेछः

(क) आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्ने,

(ख) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित श्रोत र साधनको सन्तुलित वितरणको खाका तय गर्ने,

(ग) आगामी आर्थिक वर्षको लागि श्रोत अनुमानको आधारमा बजेटको कुल सीमा निर्धारण गर्ने,

(घ) विषय क्षेत्रगत वजेटको सिमा निर्धारण गर्ने,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिी अवस्था, आन्तरिक आयको अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तय गर्ने,

(च) विषय क्षेत्रगत बजेट तर्जुमा सम्बन्धित मार्गदर्शन तय गर्ने,

(छ) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण सम्बन्धमा स्थानीय तहको आवश्यकता र निर्णय बमोजिमका अन्य कार्यहरु गर्ने ।

५. बैठक सञ्चालनः

(क) समितिको बैठक बर्षमा बढीमा ६ पटक बस्नेछ । गाउँपालिका अध्यक्षले सदस्य सचिव मार्फत बैठक बोलाउने छन् ।

(ख) बैठकमा आवश्यकता अनुसार सम्बन्धित कर्मचारी र विषय विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(ग) बैठक संयोजकको अध्यक्षतामा बस्नेछ । बैठकमा ५० प्रतिशतभन्दा बढी सदस्यहरुको उपस्थिति भएपछि बैठक सञ्चालन हुनेछ । बैठकमा सदस्य सचिवले सम्भावित आयका प्रक्षेपण, दायित्व पेश गर्नेछन् ।

(घ) समितिले आफ्नो कार्य प्रत्येक वर्षको वैशाख १० गते भित्र सम्पन्न गरी सक्नुपर्नेछ ।

विशेष परिस्थितिमा गाउसभा हुनुभन्दा न्यूनत्तम २० दिन अगावै कार्य सम्पन्न गर्न सकिने छ ।

(ङ) बजेट प्रक्षेपण गर्दा आगामी वर्ष पछिको थप दुई वर्षको समेत गर्नुपर्नेछ ।

(च) समितिले तयार गरेको आगामी वर्षको बजेट तयार भएको मितिले ५ दिन भित्र प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाका शाखा, उपशाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

६. अनुमानित बजेट पेश गर्नुपर्नेः प्राप्त बजेटको सिमा भित्र रही विषयगत शाखा, उपशाखा तथा वडा समितिले गाउँपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी खाका प्राप्त भएका मितिले सामान्यतया ७ दिन भित्र कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

७. बजेट तथा कार्यक्रम तर्जुमाः समितिले तयार गरेको आयको प्रक्षेपण, वितरणको खाका र बजेट सिमामा आधारित भई राप्ती सोनारी गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा ऐनको दफा ६७ बमोजिम उपप्रमुखको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नेछ ।

## परिच्छेद ३
## विविध

८. विविधः

(क) यस कार्यविधिमा उल्लेखित विषय यसै बमोजिम हुनेछ । कुनै बाधा अड्चन सिर्जना भएमा समितिले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) यस कार्यविधि लागु हुनुभन्दा अगाडि समितिले गरेको काम कार्वाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(ग) प्रचलित ऐनसँग यो कार्यविधि बाझिएमा बाझिएको हदसम्म बाझिए जति प्रावधान निस्कृय हुनेछ ।

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत